**नेपाली राजदूतावास**
**वाशिङ्गटन, डि.सी.**

मितिः २०८२।१०।०६
(जनवरी २०, २०२६)

**नर्थ क्यारोलाइना (North Carolina) राज्यको शार्लट (Charlotte) शहरमा राहदानी सेवा शिविर सम्बन्धी जरुरी सूचना**

यस राजदूतावासद्वारा नर्थ क्यारोलाइना (North Carolina) राज्यको शार्लट (Charlotte) शहरमा यही **०७-०८ फेब्रुअरी २०२६** मा राहदानी सेवा शिविर (Passport Camp) संचालन हुने भएकोले राहदानी सम्बन्धी अनलाईन फारम भर्नको लागि इच्छुक आवेदकहरुलाई यस सूचनामार्फत अनुरोध गरिन्छ। साथै, **राहदानीको बहाल म्याद एक (१) वर्षभन्दा कम अवधि बाँकी रहेको राहदानी बाहकहरुले मात्र फारम भर्न** अनुरोध गरिन्छ।

**घुम्ती शिविर आयोजना हुने स्थान, मिति र समयः**

स्थानः **12701 Idlewild Road Matthews, NC, 28105**
मितिः **फेब्रुअरी ०७-०८, २०२५**
समयः **बिहान ९ बजेदेखि साँझको ५ बजेसम्म (दिउँसो १-२ बजेसम्म Lunch Break)**

**विद्युतीय राहदानी (e-Passport) नवीकरणका लागि अनलाइन फाराम (Online Application) भर्ने तरिकाः**

- सर्वप्रथम आफ्नो कम्प्युटर/ ल्यापटप वा मोबाईलको Date and Time Setting मा गई Time Zone "Kathmandu, Nepal" छनौट गर्नु पर्नेछ।
- https://emrtds.nepalpassport.gov.np/ मा गई **Apply for Passport** छनौट (Select) गरेपश्चात **Renewal /Replacement(Lost/Stolen/Damaged)** वा हातले लेखेको राहदानी नवीकरणको लागि **First Issuance** छनौट गरी Ordinary 34 pages वा 66 pages मा Click गरी Proceed गर्नु पर्नेछ।
- Appointment Country — Other छनौट (Select) गरी Appointment Location - **NE, Washington DC** छनौट गर्नु पर्नेछ। तत्पश्चात् **North Carolina घुम्ती शिविरका लागि मात्र उपलब्ध गराइएको फेब्रुअरी ०७-०८, २०२५ को** Appointment Date छनौट गरी सम्पूर्ण विवरण भरिसकेपछि अन्त्यमा Barcode सहितको PDF फाराम Download गर्नु पर्नेछ।

- **घुम्ती राहदानी शिविरमा सेवा लिन आउने मिति र समय स्थानीय संयोजकले इमेल वा टेलिफोनमार्फत् उपलब्ध गराउने छ।**
- **आवेदकले शिविरमा आउँदा देहायका कागजातहरुसहित स्वयम् उपस्थित हुनुपर्नेछः**
    - रीतपूर्वक भरिएको बारकोड (Barcode) सहितको Appointment Date, Time र Location भएको अनलाईन फाराम (https://emrtds.nepalpassport.gov.np/) को Scanned PDF प्रतिको प्रिन्टआउट।
    - सक्कल नागरिकता र सोको स्पष्ट प्रतिलिपि।
    - एक वर्षभन्दा कम Validity Period बाकी रहेको सक्कल राहदानी र सोको स्पष्ट प्रतिलिपि।
    - नाबालकको हकमा नाबालक परिचयपत्र तथा बाबु र आमा को नागरिकता र विवाहदर्ताको सक्कल र सोको स्पष्ट प्रतिलिपि ।
    - नेपालको राहदानी विभागबाट नयाँ राहदानी प्रिण्ट भई राजदूतावासले प्राप्त गरिसकेपछि सम्बन्धित आवेदकको ठेगानामा पठाउनका लागि पहिले नै पैसा तिरिसकेको Postage Stamp र Tracking Number सहितको आफ्नो पूरा नाम, ठेगाना र मोबाइल नं. उल्लेख गरिएको फिर्तिखाम (Self Addressed Prepaid Return Envelope)।
    - राहदानी दस्तुर देहायबमोजिम हुनेछः

| **Services** | **Payment with Debit Card** | **Payment with Credit Card** |
|---|---|---|
| Passport 34 Pages | $153.00 | $150.00+ 3% |
| Passport 66 Pages | $204.00 | $200.00+ 3% |
| Passport Lost/Damaged 34 Pages | $229.50 | $225.00+ 3% |
| Passport Lost/Damaged 66 Pages | $306.00 | $300.00+ 3% |
| Minor's Passport (under 10 years) 34 Pages | $76.50 | $75.00+ 3% |
| Minor's Passport (under 10 years) 66 Pages | $102.00 | $100.00+ 3% |
| Minor's Passport (Lost/Damaged) 34 Pages | $114.75 | $112.5+ 3% |
| Minor's Passport (Lost/Damaged) 66 Pages | $153.00 | $150.00+ 3% |

**नोटः** ***राहदानी दस्तुर डेबिट कार्ड वा क्रेडिट कार्डबाट मात्रै भुक्तानी गर्न सकिनेछ।***

**थप जानकारी आवश्यक भएमा देहायका स्थानीय सम्पर्क व्यक्ति वा नेपाली राजदूतावासमा सम्पर्क गर्न सकिनेछ।**

**स्थानीय सम्पर्क व्यक्ति**

Bishwa Kharel, मोबाइल नं.- (405) 496-4748

Dadin Pandey, मोबाइल नं.- (651) 808-0483

***नोटः यस राहदानी सेवासम्बद्ध सम्पूर्ण खर्च राजदूतावासले व्यहोर्ने हुनाले उल्लिखित राजश्व शुल्क बाहेक थप शुल्क नलाग्ने जानकारी गराइन्छ। तसर्थ, कसैले थप शुल्क माग गरेमा राजदूतावासलाई जानकारी गराउनुहुन र थप रकम नदिनु हुन अनुरोध गरिन्छ।***

###